# सांस्कृतिक संस्थान

(नेपाल सरकारको पूर्ण स्वामित्व)

जमल, काठमाडौं, नेपाल

## ७३ औं अन्तर्राष्ट्रिय सगरमाथा दिवसको शुभकामना

हरेक वर्ष मे २९ का दिन अन्तर्राष्ट्रिय सगरमाथा दिवस मनाइन्छ। सन् १९५३ मे २९ का दिन तेन्जिङ नोर्गे शेर्पा र एडमन्ड हिलारीले पहिलोपटक विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेको ऐतिहासिक दिनको सम्झना स्वरूप यो दिवस मनाउने गरिन्छ। विश्वको सर्वोच्च शिखर सगरमाथा नेपालको पहिचान, गौरव, साहस, शक्ति र एकताको प्रतीक हो। नेपालको दिगो पर्यटनका लागि सगरमाथा विश्वकै अमूल्य सम्पदाको रूपमा परिचित छ। पर्वतारोहणको इतिहासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने साहसी व्यक्तिहरू प्रति सम्मान प्रकट गर्ने तथा नयाँ पुस्तालाई सगरमाथाको गरिमा बारे नवजागरण प्रवाह गर्ने अवसरका रूपमा सगरमाथा दिवसलाई मनाइन्छ। जलवायु परिवर्तनलाई मध्यनजर गर्दै सगरमाथाको संरक्षणसहित दिगो पर्वतारोहणको विकास गर्नु अपरिहार्य छ।

नेपाल सरकारले २००८ देखि औपचारिक रूपमा सगरमाथा दिवस मनाउन थालनी गरेको हो। यस अवसरमा नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले विगतदेखि नै विविध कार्यक्रम आयोजना गरी सगरमाथा दिवस मनाउने गर्दछ। यसवर्ष पनि "विश्वको सर्वोच्च शिखर सगरमाथा: नेपालको पहिचान र गौरव" भन्ने मूल भावका साथ प्रभातफेरी कार्यक्रमसहित सांस्कृतिक संस्थानको मेगा हल, जमलमा माननीय मन्त्री श्री खडक राज पौडेल (गनेस) ज्यूको समुपस्थितिमा ७३ औं सगरमाथा दिवस विशेष कार्यक्रम तय गरिएको छ।

सगरमाथा दिवसले प्रकृति प्रति मानवीय सम्बन्ध, राष्ट्रिय गौरव र अन्तर्राष्ट्रिय सद्भावको गरिमा बोकेको पाइन्छ। नेपालको राष्ट्रिय अस्तित्वसँग जोडिएका हरेक दिवसको संरक्षण, संवर्द्धन, प्रवर्द्धनका लागि सांस्कृतिक संस्थान सदा प्रतिबद्ध छ। यस दिवसले नेपालीहरू बीच आपसी सद्भाव तथा राष्ट्रिय एकताको भावना अभिवृद्धि गर्न सकोस् भन्ने शुभेच्छा प्रकट गर्दै "अन्तर्राष्ट्रिय सगरमाथा दिवस २०२६" को शुभकामना व्यक्त गर्दछु ।

१५ जेठ २०८३ (२९ मे २०२६)
ने.सं.११४६ अनालाथ्व त्रयोदशी

किरण बाबु पुन
महाप्रबन्धक
महाप्रबन्धक

फोन नं.: ०१-५३२११९४/५३२४७६०
इमेल : sanskritiksansthan@nepal.gov.np | वेभसाइट : www.sanskritiksansthan.gov.np